# चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको
# चन्द्रनिगाहपुर,रौतहट
## विधायन समितिको
### आ.ब.२०८२/०८३ को वार्षिक
## प्रतिवेदन

नगरसभामा पेश गरेको मिति : २०८३/०३/१०

नगरसभावाट स्वीकृत मिति : २०८३/...../........

संजय कुमार काफ्ले
नगर प्रमुख

**चन्द्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चन्द्रनिगाहपुर, रौतहट**
**२०८३**

**पृष्ठभुमि :** नेपालको संविधानको धारा २२५ को सवैधानिक अधिकार प्रयोग गरी नगर सभाले आवश्यक कानुन बनाउने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ को दफा २२ मा व्यवरथा भए बमोजिम चन्द्रपुर नगरपालिकाको नगर सभाले विधायन समितिको गठन गरी परिच्छेद १५ को दफा १०२ ले दिएको स्थानीय कानून बनाउने अधिकारको अधिनमा रही नगरकार्यपालिका र नगर सभाले कानून निर्माण गरी कार्यान्वयमा ल्याएको छ ।

**२ चन्द्रपुर नगरपालिकाको परिचय**

चन्द्रपुर नगरपालिका साविकको पाच वटा गा.वि.स.हरु चन्द्रनिगाहपुर, पौराइ, जुडीबेला, सन्तपुर र ड्डुमरिया मिलाई नेपाल सरकार मन्त्रिपरिषदको मिती २०७०/०१/०१ को निर्णय अनुसार घोषणा गरीएको हो । पूर्वमा बाग्मती नदी र पश्चिममा धन्सार खोला, उत्तरमा चुरे लेक र त्यो माथि रहेको मकवानपुर जिल्ला तथा दक्षिणमा वृन्दावन, गुजरा र गरुडा नगरपालिका रहेका छन । यो नगरपालिका रौतहट जिल्लाकै जनसख्या र क्षेत्रफलको आधारमा ठूलो नगरपालिका हो । चन्द्रशमशेर प्रधानमन्त्रि हुदाँ बस्नको लागि निगाहा भएकोले यसको नाम चन्द्रनिगाहपुर रहन गएको भन्ने भनाई रहेको छ । त्यतीबेला राणाहरु तराई तीर सिकार खेल्न जादा यस क्षेत्रमा बस्ने गरेको पाईन्छ । जंग बहादुर तत्कालिन भिक्षाखोरी हालको अमलेखगञ्ज हुदै सिकार खेल्ने गरेको पाईन्छ । यस क्षेत्रमा २००७ सालको क्रान्ति पछि व्यापक रुपमा वन फैडानी भई मानव बस्ति बस्न थालेको पाईन्छ । यस नगरपालिकामा १० वटा वडाहरु रहेका छन भने क्षेत्रफल २४९/६ वर्ग कि.मि. रहेको छ । वि.स. २०७८ को जनगणना अनुसार १६८२० घरधुरी रहेकोमा पुरुष जनसंख्या ४०३०६। र महिलाको जनसंख्या ४१५०३। गरी जम्मा जनसंख्या ८१८०७ रहेको छ ।

**विधायन समिति सम्वन्धी व्यवस्था**

चन्द्रपुर नगरपालिकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ को दफा २२ मा व्यवस्था भए बमोजिम चन्द्रपुर नगरपालिकाको नगर सभाले तपशिल अनुसारको विधायन समितिको गठन गरी कार्यान्वयनमा ल्याएको छ ।

**तपशिल**

श्री जितेन्द कुमार चौधरी संयोजक

श्री मरछिया देवि सदस्य

श्री चन्द्रकला बराल सदस्य सचिव

संजय कुमार कोफ्ले
नगर प्रमुख

## सम्पादित क्रियाकलापहरु

आ.ब.२०८२/०८३ को जेष्ठ मसान्त सम्ममा विधायन समिती सचिवालयवाट सम्पादन गरिएका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन।

## दैनिक प्रशासनिक तथा निर्यामित कार्यहरु

क. चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, विधायन समिती बाट सम्पादन गर्नु पर्ने दैनिक नियमित क्रियाकलापहरु सम्पादन गर्न श्री चन्द्रकला बराल लाई सदस्य सचिव तोकिएको छ। विधायन समितिबाट आवश्यक ऐन नियमावली कार्यविधि निति नियम आचार संहिता तयारी छलफल गरी समितीबाट स्विकृतिका लागि नगर सभा तथा नगरकार्य पालिकामा पेश गर्ने गरीएको छ।

ख. आर्थिक बर्ष २०८२/०८३ मा विधायन समितीमा १४ वटा बैठक सम्पन्न गरीएका छन। यस आ.व मा ४ वटा ऐन र १४ वटा नियमावली, कार्यविधि, आचारसंहिता, योजना आदी समितिमा छलफल गरी नगर सभा नगर कार्यपालिकामा पेश गरी स्विकृतं भई प्रमाणिकरण गराई राजपत्रमा प्रकाशन गर्ने कार्य भएकोछ भने केही ऐन कानुनहरु मस्यौदा तयार भई छलफल गरी स्वीकृतका लागि प्रकार्यामा रहेका छन।

**२०८२ श्रावण १ देखि २०८३ असार मसान्त सम्म मा तयार भई कार्यपालिका तथा नगर सभावाट स्वीकृत भई प्रमाणीकरण भई राजपत्रमा प्रकाशित ऐन कानुनहरुको विवरण तपशिल अनुसार रहेका छन्।**

तपशिल

| क्र.स. | ऐन नियमावली कार्यविधि मापदण्ड निर्देशिका आचारसंहिता निति को नाम | नगरसभा/कार्य पालिका बाट स्वीकृत मिति | प्रमाणिकरण मिति | राजपत्रमा प्रकाशित मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | चन्दपुर नगरपालिका वसपार्क सञ्चालन कार्यविधी २०८१ | २०८२/०४/१० | २०८२/४/११ | २०८२/०४/१५ | |
| २ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ कार्यक्रम कार्यान्वान कार्यविधी २०८२ | २०८२/०५/०८ | २०८२/०५/०९ | २०८२/०५/१६ | |

संजय कुमार काफ्ले
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आर्थिक कार्यविधी तथा वितिय उत्तरदायित्व सम्वन्धमा व्यवस्था भएको ऐन २०८२ | २०८२/०९/२५ | २०८२/०९/२७ | २०८२/१०/२३ | |
| ४ | गुनासो सुनुवाइ कार्यविधी २०८२ | २०८२/०९/२३ | २०८२/०९/२७ | २०८२/१०/२८ | |
| ५ | करार कर्मधारी व्यवस्थापन कार्यविधी २०८२ | २०८२/०९/२३ | २०८२/०९/२७ | २०८२/१०/२८ | |
| ६ | भवन निमाण तथा नक्सापास निर्देशिका पहिलो संसोधित २०८२ | २०८२/१२/१० | २०८२/१२/२३ | २०८२/१२/२७ | |
| ७ | संस्थागत विद्यालय छात्रवृत्ति वितरण तथा व्यवान्धापन कार्यविधी २०८२ | २०८३/०१/०९ | २०८३/०१/१० | २०८३/०१/११ | |
| ८ | वालिका तथा समावेशी शिक्षा सञ्चालन मापदण्ड २०८३ | २०८३/०१/०९ | २०८३/०१/१४ | २०८३/०१/२१ | |
| ९ | चन्द्रपुर नगरपालिकाको समावेशी शिक्षा रणनिती २०८३ | २०८३/०१/०९ | २०८३/०१/१४ | २०८३/०१/२१ | |
| १० | शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधी २०८३ | २०८३/०१/०९ | २०८३/०१/१० | २०८३/०१/११ | |
| ११ | चन्द्रपुर नगरपालिकाको उपभोक्ता हित संरक्षण ऐन २०८३ | नगर सभामा पेश भएको | | | |
| १२ | चन्द्रपुर नगरपालिकाको नगर प्रहरी ऐन २०८३ | नगर सभामा पेश भएको | | | |
| १३ | कार्य स्थलमा हुने यौन जन्य दुर्व्यवहार (निवारण) आचार संहिता २०८३ | २०८३/०३/०९ | २०८३/०३/१५ | | |
| १४ | चन्द्रपुर नगरपालिकाको फोहोर मैला व्यवस्थापन कार्यविधि २०८३ | २०८३/०३/०९ | २०८३/०३/१५ | | |
| १५ | चन्द्रपुर नगरपालिकाको बजार अनुगमन निर्देशिका २०८३ | २०८३/०३/०९ | २०८३/०३/१५ | | |
| १६ | चन्द्रपुर नगरपालिकाको बाल संरक्षण मापदण्ड २०८३ | २०८३/०३/०९ | २०८३/०३/१५ | | |
| १७ | लैङगिक हिसां निवारण कोष सञ्चालन कार्यविधि २०८३ | २०८३/०३/०९ | २०८३/०३/१५ | | |

संजय कुमार काफ्ले
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | चन्द्रपुर नगरपालिकाको लैङ्गिक हिंसा निवारण नीति २०८३ | २०८३/०३/०९ | २०८३/०३/१५ | | |
| १९ | ई रिक्सा दर्ता नविकरण तथा व्यवस्थापन कार्यविधि २०८३ | २०८३/०३/०९ | २०८३/०३/१५ | | |

अन्त्यमा, विधायन समितीको काम कार्वाहीहरुलाई अझ प्रभावकारी व्यवस्थित एवं जनमुखी वनाई समाज शान्ति, अमनचयन र सद्भभाव कायम राख्न, कानुनी नगर संचालनका लागि पारदर्शी शुशासन जनमुखी कानुन सम्वत कार्य गरी विवादलाई द्वन्द्व रुपान्तरण हुनवाट रोक्न, द्वन्द्वबाट हुन सक्ने सम्भवित मानवीय, आर्थिक, भौतीक तथा सामाजिक क्षती हुन नदिन र सबैलाई सम्मान वातावरण स्थापित गर्न समिती पूर्ण प्रतीवद्ध रहेको सम्मानित सभालाई जानकारी गराउदै समितीवाट हाल सम्म भएका र आगामी वर्षहरुमा आवश्यक कानुनहरु निर्माण छलफल स्वीकृत प्रमाणीकरण तथा राजपत्रमा प्रकाशन गर्न सहयोग गर्नुहुने नै छ भन्ने पुर्ण अपेक्षाका साथ नगरसभा सदस्यहरु नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, वडा कार्यालयहरुका कर्मचारीहरु, सुरक्षाकर्मी, राजनैतीक दल, विभिन्न सरोकारवाला संघसस्था, आमा समुह, महिला समुह लगायतका सम्पुर्ण नगरबासी आमाबुबा, दाजुभाई तथा दिदिवहिनीहरु बाट सहयोगको अपेक्षा गर्दै हार्दिक धन्यवाद एव आभार व्यक्त गर्न चाहान्छु धन्यवाद ।

. प्रतिवेदन प्रमाणीकरण तथा पेस गर्ने न्यायिक समिति:

| क्र.स. | नाम र पद | भूमिका | हस्ताक्षर |
|---|---|---|---|
| १ | **जितेन्द्र कुमार चौधरी** (संयोजक) | विधायन समिति संयोजक | ................................ |
| २ | **मरछिया देवि** (सदस्य) | विधायन समिति सदस्य | ................................ |

**प्रतिवेदकः**

................................

**चन्द्रकला बराल**

**सदस्य सचिव**

विधायन समिति सचिवालय, चन्द्रपुर नगरपालिका कार्यालय, रौतहट ।

संजय कुमार काफ्ले
नगर प्रमुख